मिति : २०८३/०२/८, का.पा. बैठक संख्याः १९-२०८२/[illegible]

## बैठक नं. १९

आज मिति २०८३ साल जेष्ठ ८ गते शुक्रबार (ने.सं. ११४६, अनालाथ्व, षष्ठी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः बिहानको ठिक ८:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

मिति : २०८३/०२/ [illegible] का.पा बैठक संख्याः १९-२०८२/८३

प्रस्तावहरु

१९.१ नदीजन्य पदार्थको दररेट र राजस्व बाँडफाँड सम्बन्धमा,

१९.२ छाडा पशु चौपाया व्यवस्थापन साझेदारी वापतको रकम उपलब्ध गराउने सम्बन्धमा,

१९.३ वडागत वजेट सिलिङ्ग निर्धारण सम्वन्धमा,

१९.४ सार्वजनिक सुनुवाइ कार्यक्रम सम्वन्धमा,

१९.५ समृद्धीका लागि वन परियोजना अन्तर्गत सार्वजनिक जग्गा संरक्षण सम्वन्धी कार्यक्रम संचालन सम्वन्धमा,

१९.६ योजना/कार्यक्रमहरुको शीर्षक परिवर्तन सम्वन्धमा,

१९.७ ISO Certification सम्वन्धमा,

१९.८ आन्तरिक राजश्वको आधारमा उत्कृष्ट वडा कार्यालय सम्मान सम्वन्धमा,

१९.९ राजस्व सुधार कार्यदल गठन सम्वन्धमा,

१९.१० विविध ।

निर्णयहरू

**१९.१. नदीजन्य पदार्थको दररेट र राजस्व बाँडफाँड सम्बन्धमा,**

चालु आ.व. २०८२/८३ मा नदीजन्य पदार्थको बिक्रीबाट गाउँपालिकालाई प्राप्त हुन आएको रकम रू. ४४,६३,४५५/-। ढुंगा, गिट्टी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ दफा १२ मा नदीजन्य पदार्थको राजस्व दररेट र बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार गाउँपालिकाले प्राप्त हुन आएको शुल्कको २ प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहले अनुगमन र व्यवस्थापकीय कार्यका लागि जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था बमोजिम जिल्ला समन्वय समितिको कार्यालय रूपन्देहीको च.नं. ४५७ मिति २०८३/०१/२२ गतेको पत्रबाट उक्त २ प्रतिशतले हुन आउने रकम माग भई आएकोमा प्रदेश सरकारलाई १७,८५,५०२/- पठाइसकिएको तथा गाउँपालिकाको सञ्चित कोष खातामा २६,७८,२५३/- जम्मा गरिएकोमा सञ्चित खातामा जम्मा भएको उक्त रकम रू. २६,७८,२५३ को २ प्रतिशतले हुन आउने रकम शुत्र प्रणालीमा नयाँ शीर्षक कायम गरी रू. ५३,५६५/- कोष तथा लेखा नियन्त्रणको कार्यालय रूपन्देहीको एकल खाता कोष अन्तर्गतको विविध खाता नं. ०४१४३०१०१४२५३०३५ मा खर्च गर्ने, लेखा राख्ने तथा लेखापरीक्षण गराउने लगायत सम्पूर्ण जिम्मेवारी वहन गर्ने गरी उपलब्ध गराउने ।

**१९.२ छाडा पशु चौपाया व्यवस्थापन साझेदारी वापतको रकम उपलब्ध गराउने सम्बन्धमा**

कञ्चन गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बजेट पुस्तिकाको सि.नं. १०२ पृष्ठ ८१ शीर्षक २२५२१ मा रू. ५ लाख विनियोजन भएकोमा यस कञ्चन गाउँपालिका र वाणगंगा नगरपालिकाबीच मिति २०८३/०२/०५ गते भएको सम्झौता बमोजिम कञ्चन गाउँपालिकाले वाणगंगा नगरपालिका कपिलवस्तुलाई जनशक्ति व्यवस्थापन र पशु आहार व्यवस्थापन वापत रू. ५ लाख उपलब्ध गराउनु पर्नेछ भन्ने सम्झौता तथा वाणगंगा नगरपालिकाको च.नं. ३९६४ मिति २०८३/०१/२८ गतेको पत्रानुसार उक्त रकम वाणगंगा नगरपालिकाको कृषि विकास बैंकमा रहेको खाता Banganga Municipality Ga.2.7 Miscellaneous Expenditure खाता नं.

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

नवराज न्यौपाने
गा.पा. अध्यक्ष

०४१५६०१६१७१८८१६२ मा वाणगंगा नगरपालिकाले नै खर्च गर्ने, लेखा राख्ने तथा लेखापरीक्षण गराउने लगायत सम्पूर्ण जिम्मेवारी वहन गर्ने गरी उपलब्ध गराउने ।

१९.३. वडागत बजेट सिलिङ्ग निर्धारण सम्बन्धमा

स्रोत अनुमान तथा बजेट सिलिङ्ग निर्धारण समितिको मिति २०८२/०१/१० गते बसेको बैठकबाट सिफारिस भई आए बमोजिम आगामी आ.व. २०८३/८४ को बजेट तर्जुमा सम्बन्धमा हालसम्म वडागत रूपमा संकलन भएको आन्तरिक राजस्व समीक्षा गरी गाउँपालिकालाई प्राप्त हुने बजेट सिलिङ्ग मध्ये जनसंख्या, भूगोल लगायत आन्तरिक राजस्व संकलनको अवस्था मध्यनजर गरी तपसिल बमोजिमको वडागत सिलिङ्ग निर्धारण गरी कार्यक्रम तथा योजना २०८३/०२/२० गतेभित्र गाउँपालिका समक्ष पेश गर्ने ।

देहाय

| वडा नं. | न्यूनतम बजेट | राजस्व संकलनको अवस्था/भूगोल/जनसंख्या | पुँजिगत आकस्मिक पूर्वाधार | आकस्मिक चालु | विविध | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | रू. ४० लाख | रू. ९ लाख ५० हजार | रू. ३ लाख | रू. २ लाख | रू. १ लाख ५० हजार | रू .५६ लाख |
| २ | रू. ४० लाख | रू. १६ लाख ५० हजार | रू. ३ लाख | रू. २ लाख | रू. १ लाख ५० हजार | रू. ६३ लाख |
| ३ | रू. ४० लाख | रू. १५ लाख ५० हजार | रू. ३ लाख | रू. २ लाख | रू. १ लाख ५० हजार | रू. ६२ लाख |
| ४ | रू. ४० लाख | रू. १६ लाख | रू. ३ लाख | रू. २ लाख | रू. १ लाख ५० हजार | रू. ६२ लाख ५० हजार |
| ५ | रू. ४० लाख | रू. १३ लाख | रू. ३ लाख | रू. २ लाख | रू. १ लाख ५० हजार | रू. ५९ लाख ५० हजार |

१९.४ सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा,

कञ्चन गाउँपालिकाको आ.व. २०८२/८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई तपसिलको मिति, समय र स्थानमा हुने गरी तय गर्ने र उक्त कार्य रू. १ लाखमा नबढ्ने गरी साझा टेलिभिजन सैनामैना रूपन्देहीसँग सम्झौता गरी प्रक्रिया अगाडी बढाउने ।

तपसिल

मिति : २०८२/०२/२३

समय : बिहानको ठिक १०:३० बजे

स्थान : कञ्चन-१, बेलभरिया

१९.५ समृद्धीका लागि वन परियोजना अन्तर्गत सार्वजनिक जग्गा संरक्षण सम्वन्धी कार्यक्रम संचालन सम्वन्धमा,

कञ्चन गाउँपालिका अन्तर्गत समृद्धिका लागि वन परियोजनाको आ.व २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "पालिकाभित्र रहेका सार्वजनिक ताल, पोखरी, विद्यालयको जग्गा, मठ मन्दिर लगायतका सार्वजनिक जग्गाहरूको संरक्षण तथा वृक्षारोपण कार्यका लागि सहयोग" शीर्षकमा रु.५,००,०००/- (अक्षरुपी पाँच लाख मात्र) विनियोजन भएकोमा यस कञ्चन

गाउँपालिका वडा नं. ४ स्थित कञ्चन तुलसीघाट विकास तथा व्यवस्थापन संस्थाको भोगचलनमा रहेको कम्तिमा पनि १/२ हेक्टर क्षेत्रफल जग्गामा वृक्षारोपण गर्ने गरी उक्त संस्थाको घाट तथा जल संरक्षणका लागि ग्याबिन पर्खाल निर्माण गर्ने ।

**१९.६ योजना/कार्यक्रमहरुको शीर्षक परिवर्तन सम्वन्धमा,**

आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रहेका देहायका योजनाहरूको देहाय बमोजिम परिवर्तन गरी कार्यान्वयन गर्ने :-

देहाय

| क्र.सं. | योजना/कार्यक्रम | रकम | परिवर्तन पछि हुने योजना | रकम |
|---|---|---|---|---|
| १ | लोकनाथ तिमिल्सिनाको खेतदेखि रेग्मीको खेतसम्म कुलो निर्माण (सि.नं. २३९) | ३००००० | दक्षिण भैंसाहीको कुलो निर्माण | ५००००० |
| २ | दक्षिण भैंसाहीको कुलो मर्मत (१९ औं गाउँसभा को क्र.सं.१०) | २००००० | | |

**१९.७. ISO Certificate सम्बन्धमा**

कञ्चन गाउँपालिकाको व्यवस्थापन तथा सेवाका मापदण्डलाई अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड (ISO) अनुसार प्रमाणीकरण गरी सञ्चालन गर्ने विषयमा Global Quality Assurance Certification Pvt.Ltd. सँग सहकार्य गर्ने ।

**१९.८. आन्तरिक राजश्वको आधारमा उत्कृष्ट वडा कार्यालय सम्मान सम्वन्धमा,**

कञ्चन गाउँपालिका अन्तर्गतका वडाहरूबाटमध्ये आ.व. २०८१/८२ मा सबैभन्दा बढी राजस्व संकलन गर्न वडालाई गाउँपालिकाको आगामी गाउँसभामा उत्कृष्ट वडाबाट सम्मान गर्दै पुरस्कृत गर्ने ।

**१९.९. राजस्व सुधार कार्यदल गठन सम्वन्धमा,**

यस गाउँपालिकाको विगतका वर्षहरुमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा राजश्व परामर्श समितिबाट प्रक्षेपण गरिने आन्तरिक राजस्वको रकम र खुद उठेको राजस्व रकम विचमा अन्तर बढ्दै गई आर्थिक वर्षको अन्त्यमा वजेटको श्रोत माथि प्रत्येक वर्ष चाप बढ्न गएको जसबाट गाउँपालिकाको समग्र विकास कार्य प्रभावित हुन गएकोले आ.व. ०८३/०८४ मा राजस्व परामर्श समितिबाट प्रक्षेपण गरिएको आन्तरिक राजश्वको अनुमान र खुद उठ्ने राजस्व रकम विचको अन्तरलाई कम गर्न आन्तरिक राजश्व अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिएकोले देहाय बमोजिमको कार्यक्षेत्रगत शर्त रहने गरी तपसिलको राजस्व सुधार कार्यदल २०८३ गठन गर्ने र गठित राजस्व सुधार कार्यदलले तोकिएका कार्यक्षेत्रगत शर्तको अधिनमा रहि गाउँपालिकाको समग्र राजस्व परिचालन सुधारको लागि सुझाव सहितको प्रतिवेदन मिति २०८३/२/२२ गते सम्म राजस्व परामर्श समितिमा पेश गर्ने :

तपसिल

| | |
|---|---|
| क) टिकाराम सापकोटा, वडा अध्यक्ष ३ | संयोजक |
| ख) चित्रलाल तुलाचन, कार्यपालिका सदस्य | सदस्य |

कञ्चन गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रमाणित
०८३/२/८
माधव प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ग) | शुसिला थापा, कार्यपालिका सदस्य | सदस्य |
| घ) | सन्तोष गैरे, लेखा अधिकृत | सदस्य |
| ङ) | लक्ष्मण भण्डारी, आलेप अधिकृत | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार वैठकमा जनप्रतिनिधीहरु, शाखा प्रमुखहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

***समितिका कार्यक्षेत्रगत शर्तहरु देहाय बमोजिम रहनेछः***

अध्ययन तथा विश्लेषण सम्बन्धी कार्य

- गाउँपालिकाको विगत कम्तीमा ३ आर्थिक वर्षको आन्तरिक राजश्व परिचालनको अवस्था अध्ययन गर्ने,
- राजश्वका स्रोत, संकलनको प्रवृत्ति, वृद्धि दर तथा योगदानको विश्लेषण गर्ने,
- आन्तरिक राजश्वको वार्षिक लक्ष्य र वास्तविक संकलनबीचको अन्तर विश्लेषण गर्ने,
- राजस्व प्रशासनको विद्यमान संरचना, जनशक्ति, प्रविधि तथा कार्यप्रणालीको अध्ययन गर्ने,
- वडा तथा विषयगत शाखाबाट हुने राजस्व संकलनको अवस्था समीक्षा गर्ने,

राजस्वका दर तथा दायरा सम्बन्धी अध्ययन

- स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित कानुनले दिएका कर, शुल्क, दस्तुर तथा सेवा शुल्कको अध्ययन गर्ने,
- हाल कायम रहेका कर तथा शुल्कका दरहरूको उपयुक्तता, व्यवहारिकता र प्रभावको अध्ययन गर्ने ,
- करको दायरा विस्तार गर्न सकिने सम्भावित नयाँ क्षेत्रहरूको पहिचान गर्ने,
- करको दोहोरोपन, असमानता वा अव्यवहारिक पक्षहरूको पहिचान गर्ने,
- स्थानीय आर्थिक गतिविधि, व्यवसाय, सम्पत्ति तथा सेवा क्षेत्रको आधारमा राजस्व सम्भाव्यता अध्ययन गर्ने,

सरोकारवाला परामर्श तथा सहभागिता

- उद्योगी, व्यवसायी, करदाता, उपभोक्ता समिति, सहकारी, नागरिक समाज तथा सरोकारवालासँग छलफल/अन्तरक्रिया गर्ने,
- करदाताको कर तिर्ने क्षमता तथा करप्रति धारणा अध्ययन गर्ने,
- जनमैत्री तथा करदातामैत्री राजस्व प्रणाली विकासका लागि सुझाव संकलन गर्ने,

तुलनात्मक अध्ययन

- छिमेकी पालिकाहरुको राजस्व परिचालनको असल अभ्यास अध्ययन गर्ने,
- प्रदेश तथा संघीय तहका नीति तथा अभ्याससँग आवश्यक समन्वय र तुलना गर्ने,

सुधार तथा सिफारिस सम्बन्धी कार्य

- राजस्व प्रशासन सुधारका लागि आवश्यक संस्थागत, कानुनी तथा प्रविधिगत सुधारका सुझाव दिने,
- करका दर तथा दायरा पुनरावलोकन सम्बन्धी व्यवहारिक सिफारिस पेश गर्ने,
- राजस्व चुहावट नियन्त्रण तथा पारदर्शिता अभिवृद्धिका उपायहरू सुझाव दिने,

नवराज खनाल
गा. पा. अध्यक्ष



कञ्चन गाउँपालिका

- डिजिटल प्रणाली, अनलाइन कर भुक्तानी, GIS आधारित कर प्रणाली जस्ता नवप्रवर्तनात्मक उपायहरूको सिफारिस गर्ने,
- करदाताको अभिलेखीकरण तथा कर शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी सुझाव दिने ।

**कार्ययोजना तथा प्रतिवेदन**

- आन्तरिक राजश्व अभिवृद्धिका लागि अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन कार्ययोजना तयार गर्ने,
- कार्यान्वयन गर्नुपर्ने प्राथमिक कार्यक्रम, जिम्मेवार निकाय, समयसीमा तथा अनुमानित लागत सहित सुझाव पेश गर्ने,
- अध्ययनबाट प्राप्त निष्कर्ष तथा सिफारिस सहित विस्तृत प्रतिवेदन तयार गरी राजस्व परामर्श समिति समक्ष पेश गर्ने ।

**१९.१०. विविध सम्वन्धमा,**

**क. अपुग बजेट थप सम्बन्धमा**

यस गाउँपालिकाको १९ औं गाउँसभाबाट कुस्मा डाँडामा स्यालो ट्युबेल जडान शीर्षकमा रू. १,५०,०००/- रकम बजेट विनियोजन भएको

उक्त बजेट कार्यान्वयन गर्न रकम अपुग हुने भनि योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिबाट थप रकम माग भएकोमा कञ्चन गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र बजेट पुस्तिकाको पृष्ठ नं. ९७ क्र.सं. २११ आकस्मिक पूर्वाधार निर्माण गाउँपालिकाबाट निर्मित कानून बमोजिम हुने गरी शीर्षक (३११५१) बाट रू. १,००,०००/- रकम उपलब्ध गराउने ।

**ख. अपुग बजेट थप सम्बन्धमा**

यस गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमक क्र.सं. २९३ हात्ती बजार स्यालो ट्युबेल जडान शीर्षकमा रू. १,००,०००/- रकम बजेट विनियोजन भएको

उक्त बजेट कार्यान्वयन गर्न रकम अपुग हुने भनि योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिबाट थप रकम माग भएकोमा कञ्चन गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र बजेट पुस्तिकाको पृष्ठ नं. ९७ क्र.सं. २११ आकस्मिक पूर्वाधार निर्माण गाउँपालिकाबाट निर्मित कानून बमोजिम हुने गरी शीर्षक (३११५१) बाट रू. १,००,०००/- रकम उपलब्ध गराउने ।

**ग. कञ्चन अटो प्रा.लि.को प्रस्तावना स्वीकृत सम्बन्धमा,**

कञ्चन अटो प्रा.लि. कञ्चन रूपन्देहीको च.नं. ०१२९ मिति २०८३/०२/०५ गतेको पत्रानुसार अटो चालकहरूका लागि १ दिने ट्राफिक सचेतना अभिमुखीकरण कार्यक्रम र अटो व्यवसायीहरूका लागि व्यावसायिक क्षमता अभिबृद्धिमूलक प्रशिक्षक कार्यक्रम सञ्चालनका लागि प्रस्तावना पेश भएकोमा कञ्चन गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र बजेट पुस्तिकाको पृष्ठ नं. ८३ क्र.सं. ११९ विविध कार्यक्रम खर्च शीर्षक (२२५२९) बाट रू. ५०,०००/- रकम उपलब्ध गराउने गरी उक्त प्रस्तावना स्वीकृत गर्ने ।

कञ्चन गाउँपालिका

प्रमाणित
माधव प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

नवराज कंडेल
गा. पा. अध्यक्ष

मिति : २०८३/०२/०८, का.पा बैठक संख्या: १९, २०८२/८३

घ. व्यक्ति सूचिकृत सम्बन्धमा,

गजेडी स्वास्थ्य चौकीमा कार्यरत सि.अ.न.मि. पाँचौं चञ्चल खड्काले मिति २०८३/०१/१३ गतेदेखि २०८३/०१/१७ गतेसम्म प्रदेश स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालित औषधिद्वारा गराइने सुरक्षित गर्भपतन सेवा सम्बन्धी तालिम प्राप्त गरेकोले निजलाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ मा उल्लेख भए बमोजिमको मापदण्ड पुरा गरी यस कार्यालयमा निवेदन दिएकोले निजलाई सेवा प्रवाहका लागि गजेडी स्वास्थ्य चौकीमा सेवा प्रदायक व्यक्ति सूचिकृत गर्ने ।

ङ. रकम भुक्तानी सम्बन्धमा,

बाल सुधार गृह रूपन्देहीको च.नं. ४३६ मिति २०८२/११/२३ गतेको पत्रबाट बाल सुधार गृहमा रहेका बालबालिकाहरूको बौद्धिक, शारीरिक र मानसिक विकासका लागि पौष्टिक आहारको व्यवस्थाका लागि नेपाल सरकार कारागार व्यवस्थापन विभाग मार्फत प्राप्त हुने खर्च रकम अपुग हुने हुँदा उक्त पौष्टिक आहार खरिद वापतको रकम भुक्तानीका लागि माग भएको हुँदा कञ्चन गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र बजेट पुस्तिकाको पृष्ठ नं. ८३ क्र.सं. ११९ विविध कार्यक्रम खर्च शीर्षक (२२५२९) बाट पत्रसाथ प्राप्त बिल वापतको रकम रू. ४७,८७०/- भुक्तानी दिने ।

च. कार्यक्रम कार्यान्वयन सम्बन्धमा,

कञ्चन गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत उपाध्यक्ष कप भलिबल प्रतियोगिता सञ्चालनका लागि रू. २,००,०००/- बजेट विनियोजन भएकोमा उपाध्यक्ष कप महिला भलिबल प्रतियोगिता सञ्चालनका लागि कञ्चन स्पोर्टस एकेडेमीले प्रस्ताव पेश गरेकोले उक्त प्रस्ताव स्वीकृत गरी गाउँपालिकाभित्रका खेलाडीहरू बिच प्रतिस्प्रर्धा हुने गरी गणतन्त्र दिवस २०८३ को अवसरमा कार्यक्रम सञ्चालन गर्न उल्लेखित संस्थासँग सम्झौता गरी प्रक्रिया अगाडी बढाउने ।

छ. म्याद थप सम्बन्धमा,

कञ्चन गाउँपालिका र Pinnacle Engineering Pvt. Ltd. बिच २०८२/०८/०४ गते Construciton of Blacktop Road from Mohan Tank to Lumbini Road (KRM/Work/NCB/03/082/83) को लागि ६५८०१४२.१९/- रूपैयाँमा सम्झौता भई मिति २०८३/०१/३१ गते सम्म सम्पन्न गर्ने गरी कार्यदिश जारी भएकोमा निर्माण सामग्रीको मूल्य बृद्धि, निर्माण सामग्रीको अभाव आदि कारणले उक्त समयावधि भित्र कार्य सम्पन्न गर्न असमर्थ भएको भनि उक्त निर्माण कार्यको परिवर्तित कार्य तालिका समेत समावेश गरी २०८३/०२/३१ सम्म म्याद थपका लागि निर्माण कम्पनीद्वारा निवेदन पेश भई आएकोमा सोही अवधिभित्र कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने र सोको जानकारी निर्माण व्यवसायीलाई दिने ।

अन्त्यमा, गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट उन्नाइसौ कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिका बैठक सम्पन्न भएको घोषणा गर्नु भयो ।